# नेपाल उद्योग वाणिज्य महासंघ
# जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरूको राष्ट्रिय भेला

२०७५ श्रावण २२,
वीरगञ्ज

**किशोर कुमार प्रधान**
उपाध्यक्ष एवं सभापति, उद्योग वाणिज्य परिषद, नेउवामहासंघ

के हो ठुलो जगतमा ? पसिना र विवेक,

उद्देश्य के लिनु ? उडि छुनु चन्द्र एक ।

महाकवी लक्ष्मी प्रसाद देवकोटा

# पृष्ठभूमी

मुलुक संघीय संरचनामा प्रवेश संगै महासंघ पनि सोही अनुसार आफ्नो संरचनामा परिवर्तन गरी संघीय संरचनामा गई सकेको बर्तमान परिस्थितिमा महासंघले वीरगञ्ज उद्योग वाणिज्य संघको आतिथ्यतामा वीरगञ्जमा पूर्व प्रधानमन्त्री एवं नेपाल कम्यूनिष्ट पार्टीका अध्यक्ष मा. श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूको प्रमुख आतिथ्यता र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मा. श्री मातृका प्रसाद यादवज्यूको विशिष्ट आतिथ्यतामा हुन गईरहेका "जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरुको राष्ट्रिय भेला" मा नेउवामहासंघका अध्यक्षज्यू, पदाधिकारीज्यूहरू, सातवटै प्रदेशका पदाधिकारीज्यूहरू, कार्यकारिणी समिति सदस्यज्यूहरू तथा नगरस्तरीय उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरू र पदाधिकारीज्यूहरू, उद्योग वाणिज्य परिषदका सदस्यज्यूहरू र अन्य महानुभावहरूको सहभागिता रहेको छ ।

वर्तमान सरकारको लक्ष्य सम्बृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना सफल पार्नका लागि निजी क्षेत्र संगको सहकार्य गरेमा मात्र परिकल्पना हासिल गर्न सकिने छ ।

# छलफलका विषयहरू

- उद्योग वाणिज्य क्षेत्रमा रहेका समस्या
- सार्वजनिक निजी सोझेदारी
- समस्याको समाधान गर्ने उपायहरु

# उद्योग वाणिज्य क्षेत्रका समस्या

- स्थायी सरकार हुंदाहुंदै व्यवसाय क्षेत्रमा चुनौतीहरू समाधान हुन सकेन ।
- तीन तहको सरकार संचालन हुंदा झन झणझटिलो भएको छ ।
- व्यवसायीक वातावरण बन्न सकेको छैन ।
- निजी क्षेत्रलाई सहज वातावरणको सट्टा देशभरी व्यबसायीहरू समस्याबाट गुज्रिरहेका छन् ।

# उद्योग वाणिज्य क्षेत्रका समस्या

- स्थानीय / प्रदेश सरकारबाट उठाउने गरेको करबाट उद्योग वाणिज्य क्षेत्रमा असर परेको ।
- घरेलु तथा साना उद्योग कार्यालय तथा वाणिज्य कार्यालयमा दर्ता भएका फर्म नविकरण गर्न कठिनाई भएको ।
- बैंक व्याज सम्वन्धमा व्यवसायिक कर्जाहरूमा ५ देखि ८ प्रतिशतसम्मको कर्जा लिएकोमा हाल बैंकहरूले आफुखुशि १२ देखि १५ प्रतिशतसम्म व्याज लिने गरेको ।
- विपन्न वर्ग (Deprived sector) मा लगानी गर्न दिएको निर्देशन बैंकहरुले पालना नगरेको ।

# उद्योग वाणिज्य क्षेत्रका समस्या

- विद्युतको भोल्टेज वारम्वारको ट्रिपिङको समस्या रहेकोले उद्योगको उत्पादनमा ह्रास, मेशिन तथा विद्युतिय उपकरणमा क्षती हुने भएको ।
- कच्चा पदार्थ आयात गर्दा भन्सार दर तयारी बस्तु भन्दा कम हुनु पर्ने । यसो भएन भने नेपालबाट सबै manufacturing industry पलायन हुन्छन् ।
- उद्योग स्थापना गर्ने प्रक्रिया झणझटिलो रहेको ।
- स्वदेशी उत्पादनको प्रयोग गर्ने नीति कार्यान्वयन हुन नसकेको ।

# उद्योग वाणिज्य क्षेत्रका समस्या

- बजार अनुगमन सम्बन्धमा सरकारी अनुगमन टोलीबाट स्थानीय उद्योग वाणिज्य संघहरूलाई सहभागी नगराई आफुखुशी अनुगमन गरी उद्योगी व्यबसायीहरूलाई अनावश्यक झणझट र दुःख दिने काम भईरहेको ।
- EXIM Code सम्बन्धमा साना व्यवसायीहरूलाई भंसार कार्यालयहरूमा सामान आयात गर्दा ३,००,०००।- (तीन लाख) धरौटी राख्नु पर्ने व्यबस्था भएको ।
- व्यापार घाटा अत्याधिक बढ्दै गएको ।

# उद्योग वाणिज्य क्षेत्रका समस्या

- स्थानीय उद्योग वाणिज्य संघहरूको सिफारिशमा फर्म दर्ता तथा नवीकरण गर्ने व्यवस्था नभएको हुंदा तथ्याङ्क संकलन गर्न अप्ठेरो परेको ।
- राजस्व सम्बन्धी विवादमा न्याय पाउनको लागि ५० प्रतिशत सम्म धरौटी राखेर मात्र निवेदन दर्ता हुन्छ ।
- कर अधिकृतलाई दिएको स्वविवेकीय अधिकारको दुरुपयोग भएकोले यसमा सरकारले विशेष ध्यान दिनु पर्ने ।

# सार्वजनिक निजी क्षेत्र साझेदारी

- स्थानिय कच्चा पदार्थमा आधारित उद्योग स्थापना
- पर्यटन पूर्वाधारको विकास
- सरसफाई तथा फोहोर व्यवस्थापन
- खानेपानी
- सडक, पूर्वाधार निर्माण
- पार्क निर्माण
- राष्ट्रिय प्रदर्शनी तथा विक्रीकक्षको निर्माण तथा संचालन
- कृषि उत्पादनमा contract farming concept

# सार्वजनिक निजी क्षेत्र साझेदारी

- सरकारले युवा रोजगारी सृजना गर्न सहयोग गरे महासंघले २ वर्षमा ५ लाख रोजगारी सृजना गर्न सक्छ । यसको लागि युवा रोजगार/उद्यमी सृजना गर्न विशेष कार्यक्रम ल्याएर नेउवामहासंघ र सरकार सहकार्य गरेर अगाडी बढ्नु पर्ने । यसको लागि महासंघ सहकार्य गर्न तयार छ ।
- नेपाल सरकार र नेउवामहासंघले संयुक्त रुपमा कार्य गरेमा चांडै सम्बृद्धि हासिल गर्न सकिने छ । त्यसर्थ नेपाल सरकारसंग पूर्वप्रधानमन्त्री मा. श्री पुष्प कमल दाहाल (प्रचण्ड) ज्यूको सहकार्यमा १५ दिन भित्र विशेष प्याकेज बनाई अगाडी बढ्न प्रस्ताव गर्दछु ।

# समस्याको समाधान गर्ने उपायहरु

- बस्तु तथा सेवा उत्पादन गर्ने, रोजगारी सृजना गर्ने, र सरकारलाई राजस्व बुझाउने निजी क्षेत्रप्रती राजनीतज्ञ, व्यूरोक्रेसी र सरकारको सोचमा परिवर्तन आउनु जरुरी छ ।
- उद्योगी व्यवसायीलाई प्रदान गरिने सम्पूर्ण सेवाहरु एकद्वार प्रणालीबाट प्रदान गरिनु पर्ने (उद्योग दर्ता देखि खारेजी सम्म)
- उद्योग व्यापार गर्नको लागि न्यून ब्याजदरमा सहजरुपमा कर्जाको उपलबधता हुनुपर्ने ।

# समस्याको समाधान गर्ने उपायहरु

- कृषि उत्पादनको व्यवसायीकरणमा जोडदिइनुपर्ने ।
- रुग्ण उद्योगको पुनरुद्धारको प्याकेज ल्याइनुपर्ने ।
- कर सम्बन्धी विवादमा प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरणमा जांदा १० प्रतिशत धरौटी राख्ने व्यवस्था हुनपर्ने
- पञ्चायतकालका पुराना ऐन नियमको संसोधन/पुनरलेखन हुनुपर्ने । ( जस्तै : कालो बजारी...ऐन २०३२, पेटेन्ट, डिजायन तथा ट्रेडमार्क ऐन २०२२ आदी )

# समस्याको समाधान गर्ने उपायहरु

- न्यूनतम जरिवाना र दस्तुर लिई फर्म नविकरण गर्नुपर्ने । तर अहिलेसम्म यो नविकरणको समस्या समाधान नभएको कारणले उद्योगहरू बन्द हुंदैछन् । यो कुरा सरकारले समयमै ध्यान दिइयोस् ।
- उद्योग व्यवसाय संचालन गर्न कठिनाई भोगेकोले यस क्षेत्रमा अधिकतम ८ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गर्नुपर्ने । सरकारबाट नीतिगत व्यबस्था गरी तत्काल घोषणा गर्नु पर्ने ।
- स्थानीय उद्योग वाणिज्य संघहरूको प्रतिनिधिको रोहवरमा मात्र कार्यविधी बनाई बजार अनुगमन गर्ने व्यबस्था गर्नु पर्ने ।

# समस्याको समाधान गर्ने उपायहरु

- नेपाल विद्युत प्राधिकरणको पूर्वाधार विकास गराई नियमित विद्युत आपूर्ति गराई उद्योगले विद्युत महशुलमा २५ प्रतिशत छुट पाउने व्यवस्था हुनु पर्ने ।
- बिभिन्न निकायबाट लिनु पर्ने सिफारिश EIA / IEE लगायतको कार्य एकै ठाउँबाट गर्नको लागि छुट्टै कार्यालय स्थापना गर्नु पर्ने ।
- मन्त्रालय बीच समन्वय नभई विवाद उत्पन्न भएकोले तत्काल यस बिषयको समाधान गर्नु पर्ने ।
- स्थानीय उद्योग वाणिज्य संघहरूको सिफारिशमा मात्र फर्म दर्ता तथा नविकरण गर्ने व्यबस्था गर्नु पर्ने । जसले गर्दा सरकारलाई कर राजश्व संकलन गर्न महासंघले सहयोग गर्न पनि सजिलो हुन्छ ।

# समस्याको समाधान गर्ने उपायहरु

- स्थानीयतह, प्रदेश सरकार र स्थानीय उद्योग वाणिज्य संघहरूको समन्वय गरी कर निर्धारण हुनुपर्ने ।
- EXIM Code लिदा बैंक ग्यारेन्टी नलाग्ने व्यवस्था हुनुपर्ने ।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अनिवार्य रुपमा स्वदेशी उत्पादनहरूको प्रयोग गर्नुपर्ने ।
- देशमा व्याप्त सबै प्रकारको सिण्डिकेटको अन्त्य हुनु पर्ने ।

ड्यारन एसीमग्लु तथा जेम्स ए रोबिन्सनले लेखेको विश्व प्रशिद्ध पुस्तक Why Nations Fail ले भन्छ “भूगोल, वातावरण, संस्कृति, धर्म, आदिका कारण विकास हुनु वा नहुनु मुल कारण होइनन् । इस्न्चियुसन्को विकास गर्न सक्नु, जनताप्रति उत्तरदायि हुनु र कानूनको शासन विकासका लागि अपरिहार्य तत्व भएकोमा जोड दिदै विकासका क्रममा Creative Destruction गर्न सक्नुपर्नेमा महत्व दिएका छन् ।”

# धन्यवाद !